राजनीतिक परिवेश विश्लेषण

# नेपाली राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र

## नेतृत्व चयन, निर्णय प्रक्रिया र अभ्यास

अङ्क १८ | भदौ २०८२

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

राजनीतिक परिवेश विश्लेषण

# नेपाली राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र

## नेतृत्व चयन, निर्णय प्रक्रिया र अभ्यास

अङ्क १८ | भदौ २०८२

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर

राजनीतिक परिवेश विश्लेषण

# नेपाली राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र

## नेतृत्व चयन, निर्णय प्रक्रिया र अभ्यास

**अङ्क १८ | भदौ २०८२**

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

# विषयसूची

| | |
|---|---|
| सारांश | १ |
| १. परिचय | २ |
| २. महाधिवेशन | ४ |
| ३. केन्द्रीय समितिः बढ्दो आकार, 'घट्दो' जिम्मेवारी | ७ |
| ४. नेतृत्व छनोट प्रक्रिया | १० |
| ५. निर्णय प्रक्रिया | १३ |
| ६. आन्तरिक लोकतन्त्रका चुनौती | १५ |
| ७. निष्कर्ष | १८ |

# सारांश

राजनीतिक दलहरू लोकतन्त्रका संवाहक हुन् । नेपालमा लोकतान्त्रिक प्रणाली स्थापना गर्नका लागि दलहरूले खेलेको भूमिका महत्त्वपूर्ण छ । लोकतन्त्रलाई संस्थागत गर्ने मुख्य जिम्मेवारी पनि दलहरूकै हो । सिद्धान्त, संगठन र नेतृत्वद्वारा सञ्चालित दलहरू आफैले लोकतान्त्रिक विधि अपनाएका छन् भने मात्रै तिनले देशमा लोकतन्त्रलाई सबल र सफल पार्न सक्छन् । त्यसैले नेपाली सन्दर्भमा दलहरूको आन्तरिक लोकतन्त्र कस्तो छ भन्नेबारे यो राजनीतिक विश्लेषणले लेखाजोखा गरेको छ ।

संविधान, राजनीतिक दलसम्बन्धी ऐन २०७३ र दलहरूकै विधानले तिनको आन्तरिक लोकतन्त्रलाई व्यवस्थित गर्छ । दलहरूले महाधिवेशनमार्फत केन्द्रीय समिति निर्माण गर्छन् र सोही समितिमार्फत निर्णय गर्छन् । यद्यपि यो प्रक्रिया यस्तो सरल छैन । महाधिवेशनमा कस्ता प्रतिनिधि चुनिएर आउँछन् र तिनले कस्तो नेतृत्व छनोट गरी केन्द्रीय समिति निर्माण गर्छन् भन्ने दलको शक्ति संरचनामा भर पर्छ । नियुक्ति, दलको आन्तरिक निर्वाचनमा सरसहयोग र पालिका, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको टिकट वितरण जस्ता अवसरहरू नेतृत्वमा पुगेको मानिसले पाउने भएकाले उसलाई दलको शीर्ष स्थानमा रहिरहन सजिलो छ । यसले गर्दा दलका केन्द्रीय समितिले सामाजिक समावेशिताको यथोचित प्रतिनिधित्व गर्न सकेका छैनन् । अर्कातिर, केन्द्रीय समिति ठूलो बनाइएको छ र धेरै सदस्य भएकाले यसको बैठक नै कम गरिन्छ । त्यसको साटो नेतृत्व वरपरका सानो झुण्ड वा शीर्ष एक व्यक्तिले नै सर्वेसर्वा भई निर्णय गर्ने र पछि केन्द्रीय समितिमा त्यसलाई पास गर्ने अभ्यास दलमा स्थापित हुँदैछ । यसले गर्दा केन्द्रीय समिति कमजोर भएका छन् ।  समग्रमा दलको आन्तरिक लोकतन्त्र नै जोखिममा परेको छ ।

# १. परिचय

विश्वका अधिकांश मुलुकमा राजनीतिक दलहरूले नै राज्य र जनताबीच सम्बन्धसेतू बनी राज्यसत्ता चलाउँछन् । दललाई सिद्धान्त, संगठन र नेतृत्वले सबल र सफल बनाउँछ । लोकतन्त्रलाई संस्थागत गर्ने महत्त्वपूर्ण साधन पनि तिनै दलहरू हुन् । तर त्यसका लागि तिनकै आन्तरिक लोकतन्त्र सुदृढ हुन अत्यावश्यक छ । दलको आन्तरिक लोकतन्त्रमा प्रभाव पार्ने अनेकौँ तत्त्व हुन्छन् । मूलतः नीति निर्माण, निर्णय प्रक्रिया र नेतृत्व चयनमा सदस्यहरूको अधिकतम सहभागिता र निर्णायक भूमिका हुनुका साथै आवधिक निर्वाचनमार्फत नेतृत्व चयन हुने दलको आन्तरिक लोकतन्त्र बलियो भएको मानिन्छ । त्यस्तै, जनप्रतिनिधि बन्ने उम्मेदवारको छनोट एवं दलको कोषको स्रोत र खर्चको पारदर्शिता, समावेशिता आदि दलको आन्तरिक लोकतन्त्र सबल पार्ने अन्य तत्त्वहरू हुन् ।

नेपालमा राजनीतिक दलहरूको नेतृत्व चयन प्रक्रिया लोकतान्त्रिक विधि र पद्धतिअनुसार गर्नुपर्ने कानूनी व्यवस्था छ । यद्यपि नेतृत्व चयनकै प्रक्रिया, विधि तथा अभ्यासमा आन्तरिक विवाद र चुनौतीहरू देखिन्छन् । हुन त राजनीतिक दलले नेतृत्व चयन र दलका नीति तथा योजना महाधिवेशनमार्फत नै पारित गर्छन् । तिनले लोकतान्त्रिक अभ्यास पालना गर्ने भनी आफ्ना विधानमा पनि विधि र प्रक्रिया सुनिश्चित गरेका छन् । यद्यपि व्यवहारतः तिनको पूर्ण कार्यान्वयन भने भएको पाइँदैन । संविधानमा भएको बाध्यात्मक व्यवस्थाका कारण महाधिवेशन गरे पनि नेतृत्व हस्तान्तरणमा भने अनुदार भनी दलको आलोचना हुने गरेको छ । यही सन्दर्भमा दलको नेतृत्व छनोट प्रक्रिया र अभ्यासको आलोकमा दलको आन्तरिक लोकतन्त्रबारे लेखाजोखा गर्न यो राजनीतिक परिवेश विश्लेषणले खोजेको छ ।[1] दलहरूको केन्द्रीय समिति बनाउने प्रक्रिया र तिनको सक्रियताबारे यहाँ चर्चा गरिएको छ ।

---

[1] समावेशीकरण, वित्तीय पारदर्शिता जस्ता मुद्दाहरूले पनि राजनीतिक दलको आन्तरिक लोकतन्त्र मापन गर्न मद्दत गर्छन् । तर हामीले यहाँ तीबारे छलफल गरेका छैनौं । डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले राजनीतिक दलको आर्थिक पारदर्शिता र नेपाली राजनीतिमा युवाको कमजोर सहभागिताबारे छुट्टाछुट्टै दुई राजनीतिक विश्लेषण प्रकाशन गरेको छ । हेर्नुहोस्ः १) डीआरसीएन । २०८१ । राजनीतिक दलको आयव्यय र

२०७९ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा प्राप्त सिट संख्याका आधारमा ठूला मानिएका तीन दल – नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) [नेकपा (एमाले)], नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] लाई यस अध्ययनमा समेटिएको छ। यद्यपि सन्दर्भ मिल्दा अन्य दल पनि उल्लेख गरिएको छ। यो राजनीतिक विश्लेषणका लागि दलका विधान र अन्य पूर्व-प्रकाशित सामग्री अध्ययन गर्नुका साथै दलका केही नेताहरूसँग कुराकानी पनि गरिएको थियो।

पारदर्शिता। *राजनीतिक परिवेश विश्लेषण*, १४। https://www.democracyresource.org/wp-content/uploads/2024/12/DRCN-PSU-14-Financial-Transparency-in-Political-Parties_in-Nepal-Nepali-Version-November-2024.pdf मा उपलब्ध। २) डीआरसीएन। २०८२। नेपाली राजनीतिमा युवा सहभागिताः अभ्यास र चुनौती। *राजनीतिक परिवेश विश्लेषण*, १६। https://www.democracyresource.org/wp-content/uploads/2025/06/DRCN-PSU-16-Participation-of-Youths-in-Nepali-Politics-Practices-and-Challenges-Nepali-Version-June-2025-1.pdf मा उपलब्ध।

# २. महाधिवेशन

नेपालको संविधानको धारा २६९ मा राजनीतिक दलसम्बन्धी व्यवस्था छ । त्यहाँ 'दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सो दलका संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनुपर्छ' भन्ने उल्लेख छ । तर, 'विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्र पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा छ महिनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन' भन्ने पनि त्यहाँ उल्लेख छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले दलका समितिहरूमा निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । महिला सहभागिताको सन्दर्भमा एक तिहाइ हुनुपर्ने भनी तोकिदिएको छ । उक्त ऐनले निर्वाचित केन्द्रीय तथा प्रदेश समितिको विवरण निर्वाचन आयोगमा उपलब्ध गराउनुपर्ने र आयोगले दलको केन्द्रीय समिति र प्रदेश समितिले आवश्यक प्रक्रिया पूरा गरेको या नगरेको सम्बन्धमा अनुगमन गर्न सक्ने व्यवस्था समेत गरेको छ ।

दलहरूले यी कानूनी व्यवस्थाअनुसार महाधिवेशन र अधिवेशनका लागि निश्चित समय आफ्ना विधानमा तोकेका छन् । नेपाली काँग्रेसको विधानमा हरेक चार वर्षमा महाधिवेशन गर्ने व्यवस्था छ (हेर्नुहोस् तालिका १) । विशेष परिस्थिति उत्पन्न भएमा बढीमा एक वर्ष थप गर्न सकिने प्रावधान पनि छ । नेकपा (एमाले) को विधानमा हरेक पाँच वर्षमा महाधिवेशन गर्ने उल्लेख छ । नेकपा (माओवादी केन्द्र) को विधानमा पाँच वर्षमा महाधिवेशन गर्ने उल्लेख छ । विशेष परिस्थितिमा केन्द्रीय कमिटिले यसको स्पष्टीकरणसहित बढीमा छ महिनासम्म महाधिवेशनको मिति सार्न सक्ने व्यवस्था पनि छ ।

**तालिका १: दलका केन्द्रीय समितिबारे विधानमा भएको व्यवस्था**

| दल | सदस्य संख्या | कार्यावधि | विशेष परिस्थितिमा अधिवेशन सार्न सकिने अवधि | बैठक हुनुपर्ने संख्या |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | १६७ | ४ वर्ष | १ वर्ष | २ महिनामा १ पटक |
| नेकपा (एमाले) | ३०१ | ५ वर्ष | अनुल्लिखित | ६ महिनामा १ पटक |
| नेकपा (माओवादी केन्द्र) | १९९ | ५ वर्ष | ६ महिना | अनुल्लिखित |

*स्रोतः सम्बन्धित दलका विधान।*

यी दलहरूको विधानमा निश्चित समयमा महाधिवेशन गर्ने भनी उल्लेख गरे पनि सोअनुसार नभएका उदाहरण धेरै छन्। विधानले तोकेको मितिमा महाधिवेशन नगरी नेतृत्वले आफ्नो अनुकूल समय कुर्ने र प्रतिनिधि छनोटमा चलखेल गर्ने प्रवृत्ति दलहरूमा देखिन्छ। तोकिएको तिथिमा महाधिवेशन नगरी विधानमा भएको विशेष अधिकार सामान्य अवस्थामा पनि प्रयोग गर्दै आफ्नो कार्यकाल निसंकोच लम्ब्याउँछन् दलका नेतृत्व। जस्तै, विधानअनुसार नेपाली काँग्रेसको १४ औँ महाधिवेशन फागुन २०७६ भित्र भइसक्नुपर्थ्यो। तर विधानमा भएको व्यवस्था र संवैधानिक समय सीमासमेत पार गरेर पाँच वर्ष नौ महिनापछि यसले १४ औँ महाधिवेशन सम्पन्न गर्‍यो।[२] यसले चार पटकसम्म महाधिवेशनको तालिका सारेको थियो। सभापति देउवाले सामान्य अवस्थामै पनि विधानको विशेष व्यवस्था उपयोग गरेर कार्यकाल लम्ब्याएका थिए।[३] लोकतान्त्रिक अभ्यासको अनुपम अवसर महाधिवेशनले प्रदान गर्ने भए पनि यसलाई दलका शीर्ष नेतृत्वले केवल आफ्नो निरन्तरता अनुमोदन गर्ने संयन्त्र बनाएको भेटिन्छ। फलस्वरूप दल विधिसम्मत नभई नेताको कठपुतली बन्न पुगेका छन्।

विधानअनुसार नेकपा (एमाले) ले आगामी २०८३ मङ्सिर दोस्रो साता ११ औँ महाधिवेशन गर्नुपर्छ। तर सम्पूर्ण ध्यान मिसन ८४ मा केन्द्रित भएकाले त्यसअघि महाधिवेशन गर्ने कि नगर्ने भन्ने अन्योल दलभित्रै देखिएको छ। माधवकुमार नेपालको दबदबा हुँदा दललाई

[२] बीबीसी नेपाली। २०७८। ५ वर्ष ९ महिनापछि नेपाली काँग्रेसको १४ औँ महाधिवेशन सुरु, नेतृत्वका धेरैजसो आकांक्षी अझै जोड -घटाउमा । https://www.bbc.com/nepali/news-59604065 मा उपलब्ध; चैत १७, २०८१ मा हेरिएको।

[३] दाहाल, मणि। २०७८। प्रमुख दललाई महाधिवेशनको चटारो। *कान्तिपुर,* असोज ११। https://ekantipur.com/news/2021/09/27/163273333625659554.html मा उपलब्ध; वैशाख १४, २०८२ मा हेरिएको।

लोकतान्त्रिक बनाउन र सामूहिक नेतृत्व प्रणाली लागु गर्न भरमग्दूर प्रयास वर्तमान अध्यक्ष केपी ओलीले गरेका थिए। नेकपा (एमाले) विधानमा ७० वर्ष उमेर हद कायम गर्ने र दलको अध्यक्ष दुई कार्यकालभन्दा धेरै पटक बन्न नपाउने व्यवस्था राख्नमा उनकै भूमिका ठूलो थियो। त्यतिबेला उनी नेतृत्वमा थिएनन्। उनी ६० वर्षका मात्रै थिए, अध्यक्षका आकांक्षी मात्र थिए, बनेका थिएनन्। तर दललाई लोकतान्त्रिक उर्जा दिन आफैले भित्र्याएको व्यवस्था लत्याउँदै उनी अहिले अलोकतान्त्रिक बन्न खोज्दैछन्।[४] ओलीकै लागि भनेर विधानमा उक्त व्यवस्था हटाइँदैछ। पूर्वराष्ट्रपति विद्या भण्डारीले दलको नेतृत्व लिन इच्छा देखाएपछि भदौ २०८२ मा सम्पन्न विधान अधिवेशनमा उनलाई निषेध गरियो। भण्डारीको पक्षमा लागेकै हुनाले अध्यक्ष ओलीले उक्त विधान अधिवेशनमा स्थायी कमिटी सदस्य कर्ण थापालाई फरक मत राख्न दिएनन्।[५] उनको यो कदमले नेकपा (एमाले) को विधानको धारा ७७ मा उल्लिखित फरक मतलाई भेदभाव नगरिने प्रावधानको धज्जी उडाएको छ।

महाधिवेशनमा नीति र सिद्धान्तबारे घनिभूत छलफल हुनुपर्ने भए पनि नेतृत्त्व चयनमा नै महाधिवेशनका प्रतिनिधिको अधिकतम ध्यान केन्द्रित हुने गरेको पाइन्छ। यही तथ्यलाई ध्यान दिँदै नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी नेपाल आदि दलले विधानमै नीति महाधिवेशन र नेतृत्व चयन गर्ने महाधिवेशन अलग-अलग गर्ने व्यवस्था गरेका हुन्। तर व्यक्तिप्रधान राजनीतिले गर्दा विधान महाधिवेशनसमेत नेतृत्व चयनकै पूर्वाभ्यास गर्ने थलो बनेका छन्।

---

[४] ढकाल, अमित। २०८२। देउवाले ओलीलाई नभनेको कुरा! *सेतोपाटी*, ४ साउन। https://www.setopati.com/opinion/364558 मा उपलब्ध, साउन ५, २०८२ मा हेरिएको।

[५] बीसी, गंगा। २०८२। एमालेमा आफैंले स्थापित गरेको लोकतन्त्रीकरण प्रणाली के-का लागि भत्काउँदैछन् ओली? *कान्तिपुर*, भदौ २१। https://ekantipur.com/news/06/09/2025/oli-destroying-the-democratization-system-of-the-party-he-established-himself-30-48.html मा उपलब्ध; भदौ २१, २०८२ मा हेरिएको।

# ३. केन्द्रीय समितिः बढ्दो आकार, 'घट्दो' जिम्मेवारी

परिस्कृत लोकतान्त्रिक अभ्यास भएका देशमा दलको केन्द्रीय समितिको आकार छरितो पाइन्छ। तर नेपाली अभ्यास भने उल्टो हुँदै गएको छ। पहिला साना आकारमा बनेका केन्द्रीय कार्यसमितिले ठूलो आकार लिँदै छन्। केन्द्रीय समितिको आकार दलभित्रको स्वार्थ समूहको व्यवस्थापनका लागि फैलने र खुम्चने गरेको र त्यसका कारण तिनको प्रभावकारिता कमजोर बनेको राजनीतिक विश्लेषक झलक सुवेदीको टिप्पणी छ।[६] नेपालका राजनीतिक दलहरूको केन्द्रीय समितिको संख्या विस्तार हुनुमा एउटा कारण समावेशितालाई पनि देखाइन्छ। निश्चित वर्गको मात्रै बलियो सहभागिता हुँदै आएका यी संरचनामा २०६२/०६३ सालको आन्दोलनपछि समावेशिताका लागि दबाब परेकै हो। तर पहिलेदेखि लाभ लिएका वर्गलाई यथावत राखी समावेशिताका लागि थप पद सिर्जना गरिएका कारण पनि दलका केन्द्रीय समिति ठूला हुन पुगे। तिनलाई छरितो नै राखी समावेशी बनाउन सकिने भए पनि आफ्नो हिस्सा घटाउन वर्चस्वशाली वर्ग तयार देखिएनन्।

दल फुट्दा या जुट्दा केन्द्रीय समिति विस्तार गरिएका उदाहरण धेरै छन्। खासगरी नेतृत्वलाई सहज हुने गरी केन्द्रीय समिति फैलने या खुम्चने गरेको पाइन्छ। तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले २०७७ सालमा संसद विघटन गरेपछि माधवकुमार नेपाल पक्ष दल फुटाउन तम्तयार भएको थियो। उक्त समयमा आफ्नो पक्षमा धेरै सदस्य बनाउन र धेरैको चित्त बुझाउन ओलीले केन्द्रीय कमिटीमा सदस्य संख्या

[६] सुवेदी, झलक। २०८२। घटनाहरू भन्छन्– केन्द्रीय समिति कमजोर बन्दैछन्। *अनलाइन खबर*, २७ असार। https://www.onlinekhabar.com/2025/07/1720536/events-say-the-central-committee-is-becoming-weak मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको।

१,५०१ पुऱ्याएका थिए ।[७] २०७२ ताका नेकपा (माओवादी) का शीर्ष केही नेताहरूले दल त्याग गर्दै बेग्लाबेग्लै दल खोले । विभाजनबाट दललाई बचाउन केन्द्रीय समितिका सदस्यको संख्या बढाइयो । पछि जेठ ६, २०७३ मा माओवादी घटकहरूबीच एकता भएपछि नेकपा (माओवादी केन्द्र) बन्यो । त्यसबेला सबै दलका केन्द्रीय सदस्य समाहित गर्दा नेकपा (माओवादी केन्द्र) को केन्द्रीय सदस्य संख्या ४ हजार पुगेको थियो ।[८] नयाँ विधानमा केन्द्रीय समिति १९९ सदस्यीय हुने भए पनि हाल दलको वेवसाइटमा जनाइएअनुसार ४०८ सदस्य भएको केन्द्रीय समिति सक्रिय छ ।

भूमिगत राजनीतिक पृष्ठभूमिमार्फत हुर्केका नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सँग संगठन निर्माणको कठिन र कठोर इतिहास छ । त्यतिबेला यी दलहरूको केन्द्रीय समिति साना र छरिता थिए । सामूहिक र प्रभावकारी छलफलमार्फत निर्णय लिइने भएकाले सबै सदस्यहरूको बराबरी अपनत्व थियो । तर पछिल्लो समयमा विभिन्न कारणले दलको केन्द्रीय समितिले ठूला आकार ग्रहण गरेकाले केन्द्रीय समितिको बैठक नै राख्न पनि गाह्रो हुन थाल्यो भने बैठकमा सबैले आफ्ना धारणा राख्ने मौकासमेत पाउन छोडे ।[९] बैठक केही दिनसम्म चल्ने खालका लामा बन्न पुगे । त्यसले गर्दा दलको केन्द्रीय समितिको बैठक लामो अन्तरालपछि गर्न थालिएको छ । जस्तैः नेपाली काँग्रेसको विधानमा केन्द्रीय कार्यसमितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नुपर्ने भनिए पनि वर्षमा एक या दुई पटक मात्रै बैठक बस्ने अभ्यास छ ।[१०] लामो अन्तरालमा हुने दलका यस्ता केन्द्रीय समिति हात्तीका देखाउने दाँत जस्ता बन्दैछन् । तिनले नेतृत्वले गरेका निर्णय सदर गर्ने ‘रबर स्टाम्प’ को काम गर्दा दलको आन्तरिक लोकतन्त्र जोखिममा परेको छ ।

---

[७] अनलाइन खबर । २०७७ । ओली समूहको केन्द्रीय कमिटी सदस्य संख्या १५०१ पुग्यो । पुस २७ । https://www.onlinekhabar.com/922786/01/2021 मा उपलब्ध; साउन ६, २०८२ मा हेरिएको ।

[८] राई, सइन्द्र । २०८२ । माओवादीमा बन्न सक्छन् असंख्य केन्द्रीय सदस्य । *अनलाइन खबर*, ३० जेठ । https://www.onlinekhabar.com/2025/06/1701593/numerous-central-members-can-become-members-of-the-maoists मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको ।

[९] सुवेदी, विनु । २०८२ । निर्णायक हुन्थे केन्द्रीय समिति, अचेल निरीह भए । अनलाइन खबर, २७ असार । https://www.onlinekhabar.com/2025/07/1720523/the-central-committee-used-to-be-the-deciding-factor-but-now-it-is-innocent मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको ।

[१०] नागरिक । २०८० । काँग्रेस बैठक एक वर्षपछि बस्दै । असार २० । https://nagariknews.nagariknetwork.com/politics/1226391-1688607089.html मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको ।

हुन त केन्द्रीय समितिबाहेक वामपन्थी दलहरूमा स्थायी समिति र पोलिट ब्यूरो हुन्छ भने नेपाली काँग्रेसमा पनि कार्यसम्पादन समिति छ । तर तिनलाई समेत बाइपास गरी अध्यक्ष र अन्य केही खास सदस्यले नै सबै निर्णय लिने गरेको पाइन्छ । यसप्रकार दलमा सजावटका लागि विधिविधान भए पनि यथार्थमा नेताको अनुकूलतामा चल्ने संरचनामा दलहरू अनुवाद हुँदैछन् ।[११]

[११] पौडेल, किरण । २०८० । दलहरू बने नेताका कम्पनी : महाधिवेशनको औचित्यमाथि प्रश्न । *हिमाल प्रेस*, जेठ २ । https://himalpress.com/2025/05/221446/ मा उपलब्ध; वैशाख १४, २०८२ मा हेरिएको ।

# ४. नेतृत्व छनोट प्रक्रिया

राजनीतिक दलले आफ्नो विधानमा नेतृत्व चयन प्रक्रिया लोकतान्त्रिक बनाउन निर्वाचनको व्यवस्था गरेका छन् । केन्द्रीय नेतृत्व चयनका लागि महाधिवेशनको भूमिका हुन्छ । विधानमा सबै प्रक्रिया लोकतान्त्रिक बनाउने भनी उल्लेख गरे पनि कार्यान्वयनमा हेलचक्र्याइँ भएका उदाहरण अनेकौँ छन् । आन्तरिक टुटफुट, विग्रह र अन्य विषम परिस्थितिबाट गुज्रँदै जाँदा एकता र सहमतिका नाममा दलहरूमा लोकतान्त्रिक मान्यता मिचेर शीर्ष नेताले खल्तीबाट केन्द्रीय समितिमा पर्ने व्यक्तिहरूको नाम पढ्ने र महाधिवेशनबाट अनुमोदन गर्ने प्रवृत्ति पनि देखिन्छ । कतिपय दलमा नयाँ पुस्ता नेतृत्वका लागि तयार नभएको भन्दै पुरानै शीर्षस्थ नेताले नै जिम्मेवारी लिइरहेको पनि देखिन्छ ।[१२]

वि.सं. २०७८ मङ्सिरको दशौँ महाधिवेशनबाट अधिकांश पदाधिकारी र केन्द्रीय सदस्य निर्विरोध चयन गरेका ओलीले त्यसलगत्तै भएको जिल्ला अधिवेशनमा पनि अधिकांश जिल्लामा सर्वसम्मतिबाटै नेतृत्व चयन गर्न लगाएका थिए । तर प्रदेशमा भने सर्वसम्मत नेतृत्व चयनको उनको प्रयासले सार्थकता पाएन । लुम्बिनी प्रदेशमा मतदानबाट नेतृत्व चयन गर्ने अभ्यास सुरु भएको थियो । अन्ततः अध्यक्ष केपी ओलीले सर्वसम्मतिका लागि गरेको आह्वानविपरीत चार प्रदेश कमिटीले निर्वाचनबाटै नेतृत्व चयन गरे ।[१३]

[१२] पोखरेल, ईश्वरीप्रसाद । २०७८ । राजनीतिक पार्टी र गणतान्त्रिक नेतृत्व चयनको अभ्यास । सफल आवाज, पुस १८ । https://safalawaj.com/2022/01/02/55750/ मा उपलब्ध; चैत २०, २०८१ मा हेरिएको ।

[१३] मकालु खबर । २०७८ । इतिहासमा एमाले: जन्मियो कसरी? को को पुगे नेतृत्वमा? मंसिर ६ । https://www.makalukhabar.com/2021/11/99977136556 मा उपलब्ध; चैत २१, २०८१ मा हेरिएको ।

नेकपा (माओवादी केन्द्र) ले आठौँ महाधिवेशनदेखि पहिलो पटक निर्वाचनको प्रक्रियामार्फत नेता चयन गर्ने प्रक्रिया सुरु गरेको थियो ।[१४] यसअघि दलको नेतृत्व चयन प्रक्रिया मुख्यत: बन्दसत्र र आन्तरिक छलफलमार्फत हुने गरेको थियो । हलले ताली पड्काएको भरमा अध्यक्ष भइरहने सौभाग्य पुष्पकमल दाहाललाई मिलेकै हुनाले उनी साढे तीन दशकदेखि सर्वसम्मतिका नाममा नेतृत्वमा अविच्छिन्न छाइरहन पाएका हुन् ।[१५]

नेकपा (माओवादी केन्द्र) ले फागुन २०८० मा काठमाडौँमा भएको पहिलो विधान अधिवेशनमा नेतृत्व चयन प्रक्रिया थप पारदर्शी बनाउन र लोकतान्त्रिक बनाउनका लागि खुल्ला र समानुपातिक क्लष्टर छुट्याएर प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन गर्ने विषय छलफलमा ल्याएको थियो ।[१६] स्थानीय तह, प्रदेश र केन्द्रीयस्तरमा निर्वाचनबाट समिति चयन गर्ने र उक्त समितिले पदाधिकारी चयन गर्ने गरी विधानमा व्यवस्था गरेको छ । केन्द्रीय कमिटीको निर्वाचन भइसकेपछि कमिटीले नै पदाधिकारी निर्वाचित गर्ने उल्लेख गरेको छ । उक्त महाधिवेशनताका कतिपय नेकपा (माओवादी केन्द्र) का नेताहरू निर्वाचनबाट नेतृत्व छान्ने प्रचलित विधि उपयुक्त नहुने अभिव्यक्ति दिएका थिए ।[१७]

दलहरूमा निश्चित समयमा स्थानीय तहदेखि केन्द्रको अधिवेशन तथा महाधिवेशन गर्ने प्रक्रियाले लोकतान्त्रिक पद्धति बसालेको छ । यसले समर्थक तथा कार्यकर्ताका बीच नेतृत्व चयनबारे बहस र छलफल गर्नुपर्ने अभ्यास सुरुआत गरेको छ । नेकपा (एमाले) का केन्द्रीय सदस्य सरेश नेपालले दलभित्र छलफल भएर सर्वसहमतिमै वा त्यो सम्भव नभए निर्वाचनमा जान सकिने व्यवस्था भएकाले नेतृत्व चयन गर्दा सदस्यहरूको मुख्य भूमिका रहने बताए । उनले नेतृत्व चयन गर्दा सकेसम्म दलले सहमतिको लागि नै प्रयास गरेको बताए ।[१८] यी दलका विधानले समानुपातिक समावेशी सिद्धान्तलाई प्राथमिकता दिएका छन्

---

[१४] नेपाल लाइभ । २०७८ । माओवादी महाधिवेशनमा मतदान प्रक्रिया सुरु, नामावली प्रकाशित । पुस १७ । https://nepallive.com/story/269238 मा उपलब्ध चैत १८, २०८१ मा हेरिएको ।

[१५] तामाङ, जङ्ग । २०८० । प्रचण्डलाई झस्काउने राय : के प्रचण्ड चुनाव लडेर अध्यक्ष हुन तयार छन् ? *शिलापत्र*, माघ २९ । https://shilapatra.com/detail/130514 मा उपलब्ध; चैत १८, २०८१ मा हेरिएको ।

[१६] शाही, दिपेश । २०८० । नेतृत्व चयनका लागि माओवादीमा प्रत्यक्ष निर्वाचन । *अनलाइनखबर*, फागुन १, २०८० । https://www.onlinekhabar.com/1434478/02/2024 मा उपलब्ध; चैत २१, २०८१ मा हेरिएको ।

[१७] जनआस्था । २०७८ । नेतृत्व चयन: माओवादी, एमाले, काँग्रेस, राप्रपा - कसको ठीक? पुस ११ । https://www.janaaastha.com/story/68873 मा उपलब्ध; चैत २०, २०८१ मा हेरिएको ।

[१८] नेपालसँग चैत २५, २०८१ मा गरिएको कुराकानी ।

जसमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम र पिछडिएको क्षेत्रका प्रतिनिधिहरूको समावेशिताका लागि व्यवस्था गरेको पाइन्छ । यो अर्को सकारात्मक पक्ष हो । तथापि दलको समावेशिता अझै सन्तोष मानिहाल्न सकिने भएको छैन ।[१९] दलका शीर्षस्थ स्थानहरूमा वर्चश्वशाली वर्गका पुराना अनुहार नै हावी देखिन्छन् । तिनले बोझका रूपमा ग्रहण गरेका हुनाले समावेशिता एउटा प्राविधिक विषय मात्रै बनेको छ ।[२०] संविधान, ऐन र विधानका प्रावधानलाई शीर्ष नेतागणले आत्मसात गरेका छैनन् भन्ने प्रमाण केन्द्रीय समितिका पदाधिकारीको समावेशिताले दिन्छ । नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिका २२ पदाधिकारीमध्ये पम्फा भुसाल र नेपाली काँग्रेसका १४ पदाधिकारीमध्ये महालक्ष्मी उपाध्याय डिना मात्रै महिला हुन् । त्यस्तै नेकपा (एमाले) का १८ जना पदाधिकारीमा अष्टलक्ष्मी शाक्य र पद्मा अर्याल गरी दुईजना मात्रै महिला छन् ।

---

[१९] Pariyar, Santosh. 2022. Democracy Building through Inclusion. In *Rooting Nepal's Democratic Spirit*, Chandra Dev Bhatta, ed. pp 125-134. Kathmandu: Friedrich-Ebert-Stiftung Nepal Office.

[२०] रिजाल, मुक्तिराम, अशोक पाण्डे, अर्जुन कुमार थापा र गोपाल आचार्य । २०८० । *लोकतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको भूमिका* । काठमाडौँः नीति अनुसन्धान प्रतिष्ठान ।

# ५. निर्णय प्रक्रिया

केन्द्रीय समिति ठूलो हुनु भनेको धेरैको प्रतिनिधित्व हुनु हो र यसलाई लोकतन्त्रको सौन्दर्य मान्न पनि सकिन्थ्यो । तर अभ्यास त्यस्तो छैन । ठूलो केन्द्रीय समिति हुनाले नियमित बैठक नगरी शीर्ष नेतृत्वले नै महत्त्वपूर्ण निर्णय लिने परिपाटी हुर्केको छ । दलका शीर्ष नेता र पदाधिकारीको बैठकले गरेका निर्णय अनुमोदन गर्ने थलो मात्रै बनेका छन् केन्द्रीय समिति । अझ धेरै अवस्थामा दलका अध्यक्षको हाँक र हैकममा दलले महत्त्वपूर्ण निर्णय लिएको पाइन्छ । जस्तै, नेपाली काँग्रेस र नेकपा (एमाले) बीच सरकार सञ्चालन गर्न बनेको हालको गठबन्धनको सम्झौता दुई दलका अध्यक्षले गरेका थिए र त्यसबारे अन्य सदस्य जानकार थिएनन् ।[२१] त्यस्तै, भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङले नेकपा (एमाले) को कार्यालय बनाइदिने निर्णय पनि दलका अध्यक्षबाहेक अन्य व्यक्ति जानकार थिएनन् । उनले सचिवालयमा एक दानवीरले केन्द्रीय कार्यालय बनाइदिँदै छन् भन्ने मात्र खुलाएका थिए ।[२२] हालसालै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा उनका विश्वासपात्रसहित बसेको बैठकबाटै भिजिट भिसा प्रकरणमा जोडिएका गृहमन्त्री रमेश लेखकले पदबाट राजीनामा 'दिनु पर्दैन' भन्ने वा भ्रातृ संस्थाहरूको म्याद थप्ने जस्ता निर्णयहरू केन्द्रीय समिति सदस्यले थाहै नपाई गरिएका हुन् ।[२३]

---

[२१] कान्तिपुर । २०८१ । काँग्रेस-एमालेबीच सत्ता गठबन्धन गर्ने सहमति, ओली र देउवा आलोपालो प्रधानमन्त्री । असार १७ । https://ekantipur.com/news/2024/07/01/an-agreement-to-form-a-power-alliance-between-congress-and-uml-35-38.html मा उपलब्ध, साउन ५, २०८२ मा हेरिएको ।

[२२] सुवेदी, विनु । २०८१ । दानवीरबाट जग्गा प्राप्त भएको भन्दै ओलीले खुलाएका थिएनन् मीनबहादुर गुरुङको नाम । *सेतोपाटी*, २९ असोज । https://www.setopati.com/politics/341555 मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको ।

[२३] आचार्य, रोमन । २०८२ । काँग्रेसमा विधानको धज्जी उडाउँदै सभापति शासन । *नेपालन्यूज*, भदौ ७ । https://nepalnews.com/2025/08/23/presidents-rule-in-congress-flouting-the-constitution/ मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको ।

नेकपा (माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्मा प्रभाकरका अनुसार सबै दलमा केन्द्रीयता हाबी छ र त्यसमा पनि एकल नेतृत्व सर्वेसर्वा भएकाले दलमा लोकतन्त्र खुम्चिएको र निरंकुशतन्त्र मौलाएको छ।[२४] सबै सदस्यलाई हामी बराबर सदस्य हौँ भन्ने भावना भए मात्र लोकतन्त्रको सही माने हुन्छ। तर दलभित्र उचनिचको भावना अत्यधिक छ। राजनीतिक विश्लेषक हरि शर्मा दलका सदस्यले आफूलाई सदस्य नठानी कार्यकर्ता ठान्नु नै समस्याको जड मान्दछन्।[२५] उनका अनुसार दल संस्था भएकाले त्यसमा सदस्य हुन्छन्, कार्यकर्ता त अमूक नेताको हुन्छ जो नेताको झोला बोक्दै अह्राए–पह्राएको काम गर्छ।

शीर्ष नेतृत्व सर्वेसर्वा भएकाले तिनका गलत कदम पनि चुपचाप सहनु केन्द्रीय सदस्य र अन्य कार्यकर्ताको नियति बनेको छ। राजनीतिक पारिस्थितिक प्रणालीमा शीर्ष नेतृत्व शक्तिको केन्द्र बनेको हुन्छ। सरकारी नियुक्ति, निर्वाचनको टिकट वितरण र दलकै आन्तरिक निर्वाचनमा मात्रै नभई सरकारी बजेट वितरणमा समेत तिनको आशीर्वाद चाहिने हुनाले विरोध गर्ने हिम्मत हत्पति कसैको हुँदैन। समग्रमा हेर्दा केन्द्रीय समितिभन्दा व्यक्ति हावी भएकाले दलको निर्णय प्रक्रिया चरम अलोकतान्त्रिक छ।

---

[२४] सेतोपाटी। २०८२। जनार्दनले खोले फायर– पार्टीमा लोकतन्त्र होइन, निरंकुशतन्त्र छ। साउन ६। https://www.setopati.com/politics/364813 मा उपलब्ध; साउन ६, २०८२ मा हेरिएको।

[२५] शर्मा, हरि। २०८२। पार्टी सदस्य कार्यकर्ता बन्दा कमिटिहरू कमजोर। *अनलाइन खबर*, २७ असार। https://www.onlinekhabar.com/2025/07/1720546/committees-are-weak-when-party-members-become-activists मा उपलब्ध; साउन ५, २०८२ मा हेरिएको।

# ६. आन्तरिक लोकतन्त्रका चुनौती

नेपालका राजनीतिक दलका शीर्षस्थ नेताहरूले सधैँ आफ्नो दल लोकतान्त्रिक भएको दाबी गर्दै आइरहेका छन् । तथापि आन्तरिक लोकतन्त्र कमजोर हुनाले नेतृत्व चयन पनि अपारदर्शी र पक्षपाती भएको आरोप तिनलाई लाग्ने गरेको छ । निश्चित विधि र प्रक्रियामार्फत महाधिवेशनले नेतृत्व चयन गर्ने भए पनि सारमा यो प्रक्रिया सरलरेखीय छैन । चुनावमा टिकट बाँड्ने या अन्य सार्वजनिक नियुक्ति जस्ता अनेकौँ निर्णय शीर्ष नेताकै तजबिजमा हुने भएकाले स्वार्थको जालो बाक्लो गरी बिच्छाइएको छ । त्यसबाट उम्केर जसले नेतृत्वको विरोध गर्छ ऊ कमजोर हुन्छ र आफै बाहिरिन्छ । त्यसैले यी दलहरूमा लामो समयदेखि सीमित व्यक्तिको हालीमुहाली र नेतृत्व चयनमा पनि नातावाद र गुटगत स्वार्थ हावी देखिने गरेको छ । नेतृत्व चयनकै विषयलाई लिएर दलभित्र चरम असन्तुष्टि देखा परेको मात्रै होइन, दल नै विभाजन समेत हुन पुगेका उदाहरण प्रशस्तै छन् ।

पुराना नेताले पद ओगटिरहने र नयाँलाई अवसर दिन नचाहने प्रवृत्ति सबै दलमा देखिन्छ । नेतृत्व चयन प्रक्रियामा आन्तरिक प्रतिस्पर्धा, गुटबन्दी र शक्ति संघर्षका कारण विवादित हुने गरेको छ । नेपाली काँग्रेसका नेता महेश आचार्य स्थानीय तहदेखि केन्द्रसम्म धेरै पदमा गुटगत प्रतिस्पर्धा भइरहेको र यसलाई रोक्न निर्वाचन प्रणालीलाई पनि समीक्षा गर्नुपर्ने बताएका थिए ।[२६] यो समस्या नेपाली काँग्रेसको मात्रै होइन । राजनीतिशास्त्री चन्द्रदेव भट्ट दलहरूले कर्मकाण्डी हिसाबले नेतृत्व चयन गरेकाले यसरी अबको राजनीति हाँक्न सजिलो नभएको बताउँछन् ।[२७] विचार, नीति, योगदान र क्षमता नेतृत्वमा हुनुपर्ने गुण हुन् । तर चल्तीको अभ्यासमा भने मुख्य नेतासँग सामीप्य र सम्बन्ध नै नेतृत्वमा चयन हुने गुण बनेको छ । त्यसमा सुधारका लागि

---

[२६] धौलाकोटी, प्रकाश । २०७८ । नेतृत्व चयनमा 'गुट' मूख्य आधार बन्यो, नीति र विचार गौण भए । *कान्तिपुर,* मंसिर ३ । https://ekantipur.com/Interview/2021/11/19/163725189495588819.html मा उपलब्ध; चैत २४, २०८१ मा हेरिएको ।

[२७] कान्तिपुर । २०७८ । दलहरू कर्पोरेट भए, नेतृत्व चयन कर्मकान्डी । https://ekantipur.com/Interview/2021/11/21/163749856453989340.html मा उपलब्ध; चैत २०, २०८१ मा हेरिएको ।

अहिले दलको संगठन संरचना, सदस्यता वितरण र नेतृत्व चयन प्रक्रियामै परिवर्तन आवश्यक छ । विधिविधानमा केही संशोधन र परिवर्तन गर्न सकिने र मुख्य कुरा दलभित्र आन्तरिक लोकतन्त्र र तदनुकूल राजनीतिक परम्परा बसाल्नुपर्ने आवश्यकता औँल्याउँछन् प्राध्यापक कृष्ण खनाल ।[२८]

नेताहरूले व्यक्तिगत स्वार्थमा आधारित निर्णय र योजनामा ध्यान दिने प्रवृत्ति र निर्णय प्रक्रियामा युवाहरूलाई सहभागिता नगराएको आरोप दलहरूलाई लाग्ने गरेको छ । दलहरूले बदलिँदो परिस्थितिअनुसार आफूलाई परिवर्तन गर्न नसकेका कारण पनि नेतृत्व परिवर्तनमा समस्या देखिन्छ । संवैधानिक र कानूनी बाध्यताका कारण महाधिवेशन गरे पनि दलहरूको नेतृत्व पदमा लामो समयदेखि उनै अनुहार देखिन्छ । उदाहरणका लागि नेपाली काँग्रेसमा शेरबहादुर देउवा, नेकपा (एमाले) मा केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) मा पुष्पकमल दाहालको नेतृत्वले लामो समयदेखि नै निरन्तरता पाइरहेको छ ।

दलहरूमा आफ्ना विरोधी स्वर दबाउन नेतृत्वले अलोकतान्त्रिक अभ्यास गरेका उदाहरण पनि अनेकौँ छन् । नेकपा (एमाले) ले भिम रावललाई सदस्यताबाट हटाएको र विन्दा पाण्डे एवं उषाकिरण तिमिल्सिनालाई छ महिना निलम्बन गरेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मुकुल ढकाललाई निकाल्यो ।[२९] नेपाली काँग्रेसले हालै २०७९ को निर्वाचनमा दलका या दलले गठबन्धन गरेका उम्मेदवारलाई असहयोग गरेको भन्दै २३ जना व्यक्तिलाई कारवाही गऱ्यो ।[३०] यस्तै विवाद राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा) र रास्वपामा पनि देखिएको छ । राप्रपामा पनि धवल शमशेर, मुकुन्द श्याम गिरी, सगुन लावती लगायतका व्यक्तिको जिम्मेवारी खोसिएको छ ।[३१] असार २०८२ मा महामन्त्री धवल शम्सेर राणालाई  संगठन विभाग प्रमुख, सगुनसुन्दर लावतीलाई पार्टी प्रवक्ता र केन्द्रीय सदस्य धनसुर

---

[२८] खनाल, कृष्ण । २०८१ । सुधार्नुपर्ने पहिले राजनीति हो । कान्तिपुर,  भाद्र २० । https://ekantipur.com/opinion/2024/09/05/the-first-thing-that-needs-to-be-reformed-is-politics-52-21.html उपलब्ध; चैत २३, २०८१ मा हेरिएको ।

[२९] सेतोपाटी । २०८१ । मुकुल ढकाललाई रास्वपाले गऱ्यो कारबाहीः महामन्त्री, प्रवक्ता र केन्द्रीय सदस्यबाट पदमुक्त गर्ने निर्णय । असार २५ । https://www.setopati.com/politics/333847 मा उपलब्ध; साउन ६, २०८२ मा हेरिएको ।

[३०] नेपाल प्रेस । २०८२ । पूर्वमन्त्री कुमार खड्का काँग्रेसको साधारण सदस्यबाटै निष्कासित । असार २५ । https://nepaldut.com/2025/07/09/75741/ मा उपलब्ध; साउन ७, २०८२ मा हेरिएको ।

[३१] न्यूजपोलार । २०८२ । राप्रपामा कारवाही श्रृंखला, किन हटाइए मुकुन्दश्याम ? साउन १ । https://newspolar.com/archives/354649 मा उपलब्ध; साउन ७, २०८२ मा हेरिएको ।

शाहीलाई संगठन समन्वय विभागको सदस्य सचिव पदबाट विधान विपरीत हटाइएकोमा वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, उपाध्यक्ष मुकुन्दश्याम गिरी, दुई महामन्त्री धवल शमशेर राणा र कुन्ती शाहीले विज्ञप्ति जारी गरी विरोध जनाएका थिए।[३२] यस्ता कारबाही कसैले केन्द्रीय समितिको बैठकबाटै गराए होलान्, कसैले अनुशासन समितिका नाममा गराए होलान्। तर तीमध्ये बहुसंख्यक घटना विरोधी स्वरलाई नियन्त्रण गर्ने उद्देश्यले भएका हुन्।

कार्यकर्तालाई आफ्ना गल्ती ढाकछोप गर्न निर्देशन दिने र सम्भावना बोकेका युवाहरूलाई किनारा लगाउने, यो वा त्यो बहानामा दलबाट निकाल्ने काम भइरहेको छ।[३३] कम्युनिस्ट पार्टीमा पोलिटब्यूरो समेत बनाइन्छ। ती दलले जनवादी केन्द्रीयता अपनाउने दाबी गर्छन्। सिद्धान्ततः दलको अध्यक्षले आफूखुसी निर्णय गर्न पाउँदैन। लोकतान्त्रिक पद्धतिबाट सके सहमतिमा, नत्र बहुमतको आधारमा निर्णय गरिनुपर्छ। तर, अभ्यासमा भने केन्द्रीय कमिटीलाई पोलिटब्युरोले, पोलिटब्युरोलाई सचिवालयले र सचिवालयलाई स्थायी कमिटी हुँदै अध्यक्षले हस्तक्षेप गरिरहेको प्राध्यापक कृष्ण खनाल बताउँछन्।[३४]

दलहरूमा नेतृत्व चयन प्रक्रिया पारदर्शी र समावेशी बनाउनका लागि लोकतान्त्रिक अभ्यासलाई अंगाल्नुको विकल्प छैन। विगतमा पटकपटक परिवर्तनका नाममा जनतालाई आशा र निराशाको चक्रमा फसाएको नेपाली राजनीतिक इतिहासले अब भने परिणाममुखी राजनीति र उत्तरदायित्वपूर्ण नेतृत्व प्रदान गर्न अति आवश्यक छ। यस्तो नेतृत्वले मात्र समाजका वास्तविक समस्या समाधान गर्दै दीर्घकालीन समृद्धिको मार्ग खोल्न सक्छ।[३५]

---

[३२] सेतोपाटी। २०८२। लिङ्देनलाई लक्ष्य गर्दै राप्रपाका ४ नेताको विज्ञप्ति- स्वेच्छाचारी निर्णयले पार्टीलाई हानि पुगेको छ। साउन १। https://www.setopati.com/politics/364411 मा उपलब्ध; साउन ६, २०८२ मा हेरिएको।

[३३] वास्तविक, धनराज। २०८१। राजनीतिक नेतृत्व परिवर्तनको आवश्यकता। *दृष्टिन्युज*, जेठ २५। https://www.drishtinews.com/archives/324358 मा उपलब्ध; चैत १२, २०८१ मा हेरिएको।

[३४] खनाल, कृष्ण। २०७६। दलभित्रको आन्तरिक लोकतन्त्र। *शिलापत्र*, असार ३। https://shilapatra.com/detail/7270 मा उपलब्ध; साउन २, २०८२ मा हेरिएको।

[३५] चापागाई, रवि। २०८१। नेपाली राजनीतिमा परिवर्तनको आवश्यकता। *साझापाना,* पुस ११। https://www.sajhapana.com/view-thought/81936/ मा उपलब्ध; चैत २०, २०८१ मा हेरिएको।

# ७. निष्कर्ष

राजनीतिक दल लोकतन्त्रका संवाहक हुन् । तिनले नै राज्य र जनताका बीचमा साँघु बनेर एकअर्कालाई जोड्छन् । नेपाली लोकतान्त्रिक आन्दोलनमा दलहरूको निष्ठा, त्याग र समर्पण उदाहरणीय छ । अहिलेको आवश्यकता लोकतन्त्रलाई संस्थागत गर्नु हो । यस महत्त्वपूर्ण अभियानमा मुख्य भूमिका राजनीतिक दलहरूकै हुन्छ । तर त्यसका लागि दलहरू आफै लोकतान्त्रिक बन्नु यो अभियानको पूर्व शर्त हो । नेपाली परिप्रेक्ष्यमा दलको आन्तरिक लोकतन्त्र कमजोर पाइन्छ । दलको शक्ति संरचनाअनुसार नै महाधिवेशनले नेतृत्व चयन गरिरहेको छ । शक्तिशाली पदमा भएकै व्यक्तिको एकछत्र दबदबा हुने भएकाले महाधिवेशनमा उसले नै जित्छ । त्यसपछि पनि केन्द्रीय समितिभन्दा व्यक्ति नै सर्वेसर्वा हुने अभ्यास दलले अपनाएका छन् । दलभन्दा व्यक्ति हावी हुने संस्कार बढ्दै जाँदा दलको लोकतन्त्र छायाँमा परेको हो ।

राजनीतिक दलको नेतृत्व एउटा पद मात्र होइन, यसले देशको लोकतान्त्रिक अभ्यास र समाजलाई सकारात्मक परिवर्तनतर्फ अगाडि बढाउने जिम्मेवारी बोकेको हुन्छ । त्यसकारण जिम्मेवार र विचारशील व्यक्तिलाई विधि र पद्धतिसहित नेतृत्वमा स्थापित गर्नु दल र त्यसका सदस्यको कर्तव्य हो । दलहरूले नयाँ दिशा समाउनका लागि नेतृत्व प्रक्रियालाई सैद्धान्तिक मात्र नभएर व्यवहारतः लोकतान्त्रिक, पारदर्शी र प्रभावकारी बनाउन जरुरी छ । नेतृत्व परिवर्तनका सन्दर्भमा व्यक्तिगत स्वार्थको प्रभावका नपरी समयसापेक्ष विधान र नीतिमा परिवर्तन गर्नुपर्नेमा दलका प्रगतिशील कदमलाई पनि लत्याई पुरानै ढर्रामा दल सञ्चालन गर्न खोज्नु हुकुमी शासनको अर्को रूप हुन जान्छ । दलको आन्तरिक लोकतन्त्र कमजोर हुँदा नेता र समर्थकहरू बीच दूरी बढ्छ र यसले दललाई कमजोर बनाउँछ । कार्यकर्तामा दलप्रति लाग्ने प्रेरणा कम बनाउँदै अन्ततः विश्वास र आस्था नै हराउने जोखिम बढाउँछ । जवाफदेहिता र पारदर्शिताको अभावमा सदस्यहरूलाई स्वामित्वको अनुभूति समेत कमजोर

पार्छ। अनि मतदातालाई पनि यसले विकर्षण गर्छ। कुनै एक दलमा मात्रै आन्तरिक लोकतन्त्र कम भएमा त मतदाताले विकल्प भेट्लान्। तर अधिकांश यस्ता भए राजनीतिक दल र बहुदलीय प्रणालीप्रति नै वितृष्णा आउने जोखिम हुन्छ। यसबारे बेलैमा मन्थन र विवेचना गरी लोकतान्त्रिक धारमा दललाई लैजानेतर्फ दलहरूले ध्यान दिन जरुरी छ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल**
ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org
https://www.democracyresource.org/